## ५.२१ शहरी विकास शाखा र शाखा प्रमुखको कार्य

यस शाखाका प्रमुखले महाशाखा प्रमुख प्रति उत्तरदायी भई निम्न लिखित कार्यहरु आफू र आफू मातहतका कर्मचारीहरुद्वारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

- नगर विकासको अवधारणा अनुरुप नगर विकासकालागि प्रचलित कानून अनुरुप मापदण्ड विकास गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने ।
- जग्गा विकास सम्बन्धि योजना तर्जुमा गरी कार्यान्वयन गराउने ।
- नगर विकास समिति तथा शहरी विकास सम्बन्धि सरकारी निकायसंग समन्वय गरी शहरी विकास सम्बन्धि नीति तर्जुमा गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने ।
- नगर प्रोफाइल तयार/ अद्यावधिक गर्न सूचना संकलन गर्ने ।
- नगरपालिका भीत्र संचालन हुने भवनको प्रचलित कानून अनुसार नक्सापारीत गर्न सिफारिस गर्ने, पारित नक्सा अनुसार निर्माण भए नभएको र नक्सै पारित नगरी निर्माण गरेकोमा निरिक्षण गरी गराइ आवश्यक कार्यवाही गरी नियन्त्रण गर्ने ।
- नक्साको प्रतिलिपि दिने, म्याद थप गर्न सिफारिसगर्ने, नक्सापारीत भएपति विद्युत, खानेपानी, काठ आदिकालागि सिफारिस गर्ने ।
- मातहत कार्यरत करार एवं स्थानीय निकायबाट नियुक्त प्राविधिक वा प्रशासनिक कर्मचारीहरुको कर्मचारी प्रशासन कार्यहरु गर्ने ।
- नगर क्षेत्र भीत्रको वातावरणको गुण स्तरलाई कायम राख्न र अझ विग्रन नदिन आवश्यक नीति तर्जुमा मस्यौदा का का अ समक्ष पेश गर्ने ।
- अव्यवस्थित वसोवासलाई व्यवस्थित वनाउन सम्वनिधत निकायसंग समन्वय गरी कार्य गर्ने ।
- स्थानीय सरकारी तथा गैह्रसरकारी संस्थाहरुसंग समन्वय गरी वातावरण संरक्षणका विषयमा आवश्यक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम निर्धारण गरी संचालन गर्ने ।
- नगर क्षेत्रभीत्र हरियाली कायम गर्न नगरवासीहरुको सहयोगमा कार्यक्रम संचालन गर्ने ।
- पार्क, उद्यान, खोला किनार, सडक कीनार, सार्वजनिक क्षेत्र आदि स्थानमा सहभागितात्मह प्रकृयाद्वारा हरियाली तथा सुन्दरता कायम गर्ने ।
- नगर क्षेत्रको फोहरमैला व्यवस्थापन ( Solid waste management ) को लागि फोहरमैलाको संकलन, स्थानान्तरण, परिवहन, पुनः प्रयोग तथा अन्तिम निष्कासनका कार्यहरु सहभागितात्मक रुपमा संचालन गर्न मापदण्ड वनाउने र कार्यान्वयन गर्ने ।
- आवश्यकता अनुसार ढल, नाला, तथा अन्य सार्वजनिक स्थानको तरल फोहर सफा गर्ने, विशेष सरसफाई गर्न पर्ने क्षेत्रहरुको पहिचान गरी सरसफाइ गर्ने प्रवन्ध गर्ने ।
- बेवारिसे लासको दाह संस्कार गर्ने, धोवीघाट, मसानघाट, पशुवधशाला तोक्ने र सरसफाइको प्रवन्ध गर्ने, सार्वजनिक स्थानमा फयाकिएका वा मरेका जीवजन्तुहरु नष्ट गर्ने तथा बैलाहा कुकुरको मारी नष्ट गर्ने ।
- सरसफाइमा न पा ले निर्धारित नियमलाई नमानी जथाभावी गर्नेलाई कानून अनुसार दण्ड जरिवाना गर्ने कार्यविधि निर्धारण गर्ने ।

- वजार, सडक, सडकपेटी, सार्वजनिक स्थल अतिकमण नियन्त्रण गर्ने ।
- सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन गर्ने ।
- सरसफाइ सामाग्री तथा उपकरणहरु चलु अवस्थामा राख्ने ।
- शहरी स्वास्थयवारे सम्वद्ध निकायसंग समन्वय गरी आवश्यक नीति निर्माण गर्ने ।
- निषेधित खाद्य तथा पेय पदार्थ र सडेगलेका पदार्थको बिकी वितरणमा नियमन गर्ने, प्रतिवन्ध लगाउने तथा व्यवस्तिथ गर्ने ।
- शहरी तथ्याङ्क संकलन, प्रशोधन र संप्रेषणको कार्य गर्ने गराउने ।
- अन्तरगत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धि कार्य गर्ने ।
- आफ्नो सुपरिवेक्षक र का का अ ले वेला वेलामा दिने निर्देशनहरु पालना गर्ने ।
- महाशाखा प्रमुखको निर्देशनमा भैपरी आउने तथा अन्य काम गर्ने ।